# बुढीगंगा गाउँपालिका

## Budhiganga Rural Municipality

### गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive

कोशी प्रदेश, नेपाल

Koshi Province , Nepal

## आ.ब. २०८१/०८२ को लागी कार्यालय संचालन तथा मसलन्द सामान खरिदको लागि शिलबन्दी दरभाउपत्र आव्हानको सूचना ।

**सूचना प्रकाशित मिति : २०८१।०५।१८**

**(बिद्धुतीय खरिद प्रणाली (e-GP) बाट मात्र )**

१. बुढीगंगा गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय मोरङ, योग्य शिलबन्दी दरभाउपत्रदाताहरुबाट, राष्ट्रिय तथा स्थानियस्तरको खुल्ला शिलबन्दी दरभाउपत्र प्रक्रिया अन्तर्गत कार्यालय संचालन तथा मसलन्द सामानहरु खरिद गर्न यो दरभाउपत्र आव्हान गरिएकोछ।

२. दरभाउपत्र खरिद गर्न इच्छुक व्यावसायी, फर्म, कम्पनीले मु.अ.कर दर्ता प्रमाणपत्र, फर्म दर्ता र आ. ब. २०८०।०८१ सम्मको फर्म नविकरण गरीएको सम्बन्धित विषयको कारोबार गर्ने इजाजत पत्र , स्थायी लेखा नंम्वर, नागरिकताको प्रमाणपत्र, आ व ०७९।०८० को कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि र मु.अ.करमा दर्ता भएको प्रमाणपत्र पेश गरी मिति २०८१।०६।०२ गते दिनको १२.०० बजे सम्ममा शिलबन्दी दरभाउपत्र बिद्धुतीय खरिद प्रणाली (e-GP) PPMO's Website www.bolpatra.gov.np/egp बाट मात्र खरिद गरी दर्ता गरी सक्नुपर्नेछ । तोकिएको समय भित्र दर्ता भएका दरभाउपत्रहरु सोहि दिन दिनको १.00 बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधि र यस गा. पा. का प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाताहरु वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन .

३.दरभाउपत्र फाराम खरिदको लागि बुढीगंगा गाउँपालिकाको नाममा रहेको NIC ASIA BANK Ltd पुष्पलालचौक शाखा कार्यालय बिराटनगरको राजश्व आम्दानी खाता नं .०६९२०५९५०११७५००२ मा जम्मा गरी दरभाउपत्र खरिद गर्न सकिनेछ र धरौटीको लागि यस कार्यालयको NIC ASIA BANK Ltd पुष्पलाल चौक शाखा कार्यालय बिराटनगरमा रहेको धरौटी खाता नं ६९CA५०११७५५२४००६ मा जम्मा गरेको सक्कलै भौचरहरु PDF फरमेटमा स्क्यान गरी दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति देखि कम्तिमा ७५ दिन म्याद भएको यस कार्यालयको नाममा जारी भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंक वा बित्तिय संस्थाबाट बैंक ग्यारेन्टी ( बिड बण्ड ) पिडिएफ फरमेटमा स्क्यान गरी पेश गर्नु पर्नेछ ।

४.दरभाउपत्र दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

५. दरभाउपत्र पेश गर्दा मुल्य अभिबृद्धि कर बाहेकको दर पेश गर्नु पर्नेछ ।

६. दरभाउपत्र फाराममा उल्लेखित सम्पूर्ण आइटमहरुको दररेट अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ आंशिक रुपमा भर्न पाईने छैन ।

७.दरभाउपत्र गुणस्तरिय सामानहरु मात्र दिनुपर्नेछ ।

८.कार्यालय सचालन तथा मसलन्द सामानहरु कार्यालयको आवश्यकता अनुसार घटी वा बढी लिन सकिनेछ ।

९. दरभाउपत्र पुरै वा आंशिक रुपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

प्रमुख प्रशासकिय अधिकृत

स्थानीय सरकार
बुढीगंगा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हात्तिमुडा, मोरङ
कोशी प्रदेश, नेपाल

१०.यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरु कार्यालयबाट उपलब्ध गराईएको दरभाउपत्र कागजात अनुसार र अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ ( संशोधन सहित )तथा सार्वजनिक खरिद नियमावली २०६४ ( संशोधन सहित ) र प्रचलित ऐन कानुन बमोजीम हुनेछ ।

कामको विवरण

| सि नं | प्याकेज नं | खरिदको प्याकेज | इष्टिमेट अंक(मू.अ.कर बाहेक ) | खरिदको माध्यम | फाराम दस्तुर | जमानत रकम |
|---|---|---|---|---|---|---|
| १ | ०१।२०८१।०८२ | कार्यालय संचालन तथा मसलन्द सामानहरु खरिद | १५,१७,७००।०० | शिलबन्दी दरभाउपत्र | १००० | ४७,०००।०० |

..................................
संजीव न्यौपाने
प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत